नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः २०८०/८१
च. नं.:- ५२९

मितिः २०८०/११/१३

**विषयः- आर्थिक बर्ष २०८१/८२ को बजेटको तयारी सम्वन्धी मार्गनिर्देशन।**

प्रिय सहकारीज्यू,

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको च.न.EMD-४८ मिति २०८०/११/०६ को पत्रबाट आर्थिक बर्ष २०८१/८२ को बजेटको खर्च सीमा तथा मध्यमकालीन खर्च संरचना सहितको बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तथा ढाँचा, २०८० को विवरण तहाँ प्राप्त भएकै होला। सोही अनुसार आफ्नो मन्त्रालय वा अन्तर्गतका कार्यक्रमहरु २०८०/१२/२४ गते भित्र मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट गर्नहुन अनुरोध छ।

स्रोत व्यवस्थापनमा दबाव परेको कारण स्रोतमा मितव्ययिता कायम गर्नुपर्ने र खर्चहरूलाई पनि प्राथमिकीकरण गर्नुपर्ने अवस्था रहेकाले आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्ताव गर्दा निम्न विषयहरूलाई गम्भिरतापूर्वक ध्यान दिनुहुन समेत अनुरोध गर्दछु।

**तपसिलः**

- प्राप्त बजेट सीमाभित्र रहनेगरी बजेट प्रस्ताव गर्ने। कार्यान्वयनको क्रममा रकमान्तर र कार्यक्रम संशोधन गर्न नपर्नेगरी बजेट प्रस्ताव गर्ने।
- चालु खर्चमा मितव्ययिता कायम गरी बजेट प्रस्ताव गर्ने र अनिवार्य दायित्वमा आवश्यक बजेट प्रस्ताव गर्ने।
- वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूका लागि आवश्यकतानुसार समपुरक कोष (Counterpart Fund/Matching Fund) को लागि आवश्यक बजेट प्रस्ताव गर्ने।
- यस मन्त्रालयबाट स्रोत सहमति प्राप्त आयोजना/कार्यक्रमलाई आर्थिक बर्ष २०८१/८२ मा सिर्जना हुने दायित्व भुक्तानी गर्न पुग्ने रकम Earmark गरी बजेट प्रस्ताव गर्ने। यसरी प्रस्ताव पेश गर्दा बजेट नपुग हुने भएमा स्रोत सुनिश्चित गरिएका आयोजना मध्येबाट प्राथमिकीकरण गरी बजेट व्यवस्थापन गर्ने।
- अत्यावश्यकीय अवस्थामा वाहेक फर्निचर फिक्चर्स तथा वैदेशिक भ्रमणमा बजेट प्रस्ताव नगर्ने। सवारी साधन खरिद प्रस्ताव नगर्ने।
- यस मन्त्रालयबाट स्रोत सहमति प्रदान भएको विगत ३ बर्ष देखिको विवरण बजेट सूचना प्रणाली (LMBIS) मा अनिवार्य प्रविष्ट गरी सोको बाँकी दायित्व समेत स्पष्ट उल्लेख गर्ने।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या:-
च. नं.:-

- राष्ट्रिय गौरवका आयोजना तथा अन्य महत्वपुर्ण कार्यक्रममा सिर्जना हुने दायित्वलाई भुक्तानी गर्न पुग्ने गरी विनियोजन प्रस्ताव गर्ने। राष्ट्रिय गौरवका आयोजनाहरूमा आवश्यक पर्ने बजेट Earmark गरी राख्ने।
- समपुरक र विशेष अनुदानका आयोजना तथा कार्यक्रमको सिर्जित दायित्व भुक्तानी गर्न पुग्ने रकम प्रस्ताव गर्ने र स्रोतले नखाम्ने नयाँ आयोजना/कार्यक्रम प्रस्ताव नगर्ने।
- यस मन्त्रालयबाट स्रोत सहमति दिई प्रदेशमा हस्तान्तरण गरिएका आयोजनाहरूको विधिसम्मत रूपमा भएको खर्चको भुक्तानी गर्नुपर्ने सिर्जित दायित्वको रकम र क्रमागत रहेका आयोजनाहरूलाई आवश्यक पर्ने रकम अनिवार्य रूपमा प्रस्ताव गर्ने।
- आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८० विपरित हुनेगरी संघीय तहमा कार्यक्रम तथा आयोजना नराख्ने।
- विभिन्न आयोजना तथा कार्यक्रममा विधिसम्मत रूपमा भएको खर्चको भुक्तानी गर्नुपर्ने सिर्जित दायित्वको रकम अनिवार्य रूपमा प्रस्ताव गर्ने। सो नगरिएको अवस्थामा उक्त कार्यक्रमबाट सिर्जित दायित्व भुक्तानीको लागि बजेट व्यवस्थापन गर्न नसकिने।
- हाल कार्यान्वयनमा रहेका आयोजनाहरू सम्पन्न हुनेगरी बजेट विनियोजन गरी सकेपछि मात्र नयाँ कार्यक्रम तथा योजनाका लागि बजेट विनियोजन प्रस्ताव गर्ने।
- करारका जनशक्तिहरुको लागि स्वीकृत दरबन्दी अनुसारको सेवा सुविधा वापतको रकम मात्र विनियोजन प्रस्ताव गर्ने।
- वैदेशिक स्रोतबाट सञ्चालित आयोजनाहरूको सम्बन्धमा सहायताको सम्झौताका शर्त, अत्यावश्यक रकम र भुक्तानीको तरिका समेतको सुनिश्चितता गरी बजेट प्रस्ताव गर्ने।
- सम्भव भएसम्म आयोजनाको संख्या घटाउने। चालु आर्थिक वर्षमा कार्यान्वयन हुन नसकेका आयोजनाको सूची तयार गरी पुनः प्रस्ताव गर्दा कार्यान्वयन हुने आयोजनालाई मात्र प्रस्ताव गर्ने, क्रमागत आयोजनालाई सम्पन्न गर्नेगरी बजेट प्रस्ताव गर्ने र सम्पन्न हुनेलाई प्राथमिकतामा राख्ने।
- सफ्ट्वेयर र परामर्श लगायतका विनियोजनमा पर्याप्त आधार र लागत हेरी विशेष अवस्थामा बाहेक एकीकृत प्रणालीको विकासमा सहयोग पुग्ने भएमा मात्र बजेट प्रस्ताव गर्ने।
- आयोजना/कार्यक्रमहरू दोहोरो नपर्ने गरी बजेट प्रस्ताव गर्ने।
- सकेसम्म अवण्डामा कुनै पनि बजेट प्रस्ताव नगर्ने।
- स्रोतमा परेको चापका कारणले आर्थिक वर्षको अवधिमा थप रकम निकासा हुन नसक्ने हुँदा सोलाई समेत मध्यनजर गरी बजेट प्रस्ताव गर्ने।
- स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पारीश्रमिकको लागि बजेट प्रस्ताव गर्ने। अन्यत्र कार्यालयमा फाजिलमा कर्मचारी रहेको कारण पद रिक्त मानी सो स्थानमा करारमा राख्ने गरी बजेट प्रस्ताव नगर्ने।

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

- अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०८०/०७/१३ को सुझाव कार्यान्वयन सम्बन्धी-२२ बुँदे तथा विभिन्न समयमा दिइएका बजेटसंग सम्बन्धित निर्देशनहरू अनुसार गर्ने।
- राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०८१/८२-२०८३/८४ को बजेट तर्जुमाको लागि बजेट सीमा, मध्यमकालिन खर्च संरचनाको खाका तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा, २०८० मा उल्लेख गरेका विषयहरू अनुसार गर्ने।
- सम्माननीय प्रधानमन्त्रीज्यूको बजेट निर्माण सम्बन्धी निर्देशन अनुसार बजेट प्रस्ताव गर्ने।

(डा.कृष्णहरि पुष्कर)
सचिव

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय।

<u>बोधार्थ</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरवार।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np